# एकडारा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## एकडारा, महोत्तरी
### प्रदेश नं. २, नेपाल

पत्र संख्या ०७६/७७
चलानी नं.

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/०९/२३**

यस गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालन गर्नका लागि देहाय बमोजिमका पदमा कर्मचारी भर्ना लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले आफ्नो व्यक्तिगत विवरण (Bio-Data) शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव लगायतका आवश्यक कागजातहरु संलग्न राखी १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रितपुर्वक दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बिज्ञापन नं. | पद | न्युनतम शैक्षिक योग्यता | आश्यक पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| ०१ | ०९/०७६-०७७ | सुपरिबेक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङक शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको । | १ (एक) | १०००।- |
| ०२ | १०/०७६-०७७ | गणक | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङक शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयमा कम्तिमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको । | ४ (चार) | ७००।- |

१. **आवेदन (दरखास्त) दिने अन्तिम मितिः–** यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र सो दिन सार्वजनिक विदा भएमा सोको भोलिपल्ट कार्यालय समय भित्र।

२. **मासिक तलबः–** सुपरिवेक्षकको हकमा ना.सु. र गणकको हकमा खरिदार सरह स्केल हुनेछ।

३. **अन्य सुबिधाः–** गाउँ कार्यपालिकाले तोकिए बमोजिम र सेवा करार निर्देशिका अनुसार भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

४. **उमेर–** न्युनतम १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको।

५. **छनौट विधिः–** अन्तर्वार्ता र प्रयोगात्मक हुनेछ।

६. **आवेदन दिने तरिकाः–** यस कार्यालयको **प्रभु बैंक एकडारा**मा रहेको संचित कोष खाता नं. 16500201039947000005 मा तोकिए अनुसार दरखास्त दस्तुर जम्मा गरेको भौचर वा नगदी रसिद संलग्न राखि म्याद भित्र दिन सकिनेछ।

७. **करार सेवा अवधिः–** नियुक्ति भएको मितिले बढीमा ५ (पाँच) महिनाको लागी।

८. **कार्यशर्तको विवरणः–** एकडारा गाउँ कार्यपालिका कार्यालयले निर्धारण गरे बमोजिम हुने।

९. स्थानीय तहका वासिन्दालाई विशेष ग्रहयता दिइनेछ।

१०. **सम्पर्क मितिः–** दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट सो दिन सार्वजनिक विदा भएमा सोको भोलिपल्ट।

११. सूचनामा उल्लेखित भए बाहेकका अन्य कुराहरुको हकमा अन्तर्वार्ता छनौट तथा सिफारिस समितिले गरेको निर्णय बमोजिम र प्रचलित कानुन नियम बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत